**सिद्धलेक गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**बुङचुङ, धादिङ**

## आ.व. ०७८/०७९ को आन्तरिक आयको ठेक्कावन्दोवस्त गर्ने बोलपत्र आव्हान सम्बन्धी सूचना

**(छैटौं पटक प्रकाशित मिति: २०७८।०९।१९ IFBNO: IR/IFB/01/2078/79)**

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ को घ (६) तथा प्रदेश आर्थिक ऐन २०७८ को दफा ९ (१) को अनुसूची ६ मा भएको व्यवस्था र सिद्धलेक गाउँपालिकाको आर्थिक ऐन २०७८ को दफा १६ को व्यवस्था अनुसार सिद्धलेक गाउँपालिकाको आन्तरिक आय संकलन (ठेक्कावन्दोवस्त) सम्बन्धी कार्यविधि २०७५, राजस्व परामर्श समितिको सिफारिस अनुसार गाउँ कार्यपालिकाको मिति २०७८।०९।१२ को निर्णय अनुसार आर्थिक वर्ष २०७८।७९ को बाँकी अवधिको लागी देहाय बमोजिमको आन्तिरिक आय सम्बन्धी ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकाले गाउँपालिकाबाट तोकिएको दररेटमा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) मा उल्लेखित स्थानहरुबाट मात्र स्वीकृत परिमाण भन्दा बढी उत्खनन् नहुने गरी ढुङ्गा, गिट्टी, वालुवा, रोडा, ग्राभेल, भट्टामा प्रयोग हुने माटो, चिप्सको कर तथा शुल्क संकलन कार्यको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले ठेक्का लिन इच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्यअभिवृद्धिकर दर्ता प्रमाण पत्र, कारवाही वा कालो सूचीमा नपरेको स्वघोषणा पत्र, आर्थिक वर्ष २०७७।०७८ को कर चुक्ता प्रमाण पत्र वा म्याद थपको पत्र र अख्तियारनामाको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी बोलपत्र प्रकृयामा सहभागी हुन सम्वन्धित सबैको जानकारीको लागि ७ दिने सूचना प्रकाशन गरिएको छ ।

तपशील

| सि.नं | वोल पत्र नं. | ठेक्काको किसिम | कर तथा शुल्क उठाउन पाउने विषय एवं स्वीकृत दररेट | आ.व. ०७८/७९ को बाँकी (०७८।१०।०१ देखी ०७९।३।३१ सम्म) अवधिको लागि कायम वार्षिक न्यूनतम अंक (मु.अ.कर वाहेक) | संकलन गर्न पाउने अधिकतम परिमाण | वोलपत्र फाराम दस्तुर | धरौट रकम |
|---|---|---|---|---|---|---|---|
| १ | IR/01/2078/79 | ढुङ्गा, गिट्टी, वालुवा, वेस, चिप्स, भट्टामा प्रयोग हुने माटो, क्रसरबाट निस्केको धूलो, शुल्क संकलन कार्य, | विक्रीशुल्क ढुंगा, गिट्टी, वालुवा, रोडा, ग्राभेल, प्रति क्यू फिट ९।०० (नौ रुपैया) माटो प्रति घन मि. रु २।५० | रु १,४३,३५,७१०। (एक करोड त्रिचासि लाख पैतिस हजार सात सय दश रुपैया मात्र) | IEE भएको खोला, क्रसर, वालुवा धुने उद्योगहरु समेत गरी जम्मा १५,९२,८५६। क्यु फिट) | ३०००। | ठेक्क रकम ५ प्रति |

❖ ठेक्का सम्वन्धी शर्त तथा विस्तृत विवरण यस कार्यालयको website www.siddhalekmun.gov.np मा हेर्न सकिने छ ।

Scanned with CamScanner

**शर्तहरु**

१. बोलपत्रदाताले बोलपत्र सम्वन्धी कागजातहरु यस सिद्धलेक गाँउपालिकाको कार्यालयमा कार्यालयको समय भित्र खरिद गरी पेश गर्न सक्ने व्यवस्था गरिएको छ ।

२. तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको नाममा कुमारी बैंक बुडचुड शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ०८१००३५१२३१००००५ मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्वन्धी कागजात साथ संलग्न गर्नुपर्ने छ ।

३. बोलपत्रदाताले धरौटी बापत कवोल अंकको ५% ले हुन आउने रकम यस कार्यालयको नाममा रहेको कुमारी बैंक बुडचुड स्थित शाखामा रहेको धरौटी खाता नं. ०८१००३५१२४०००० १ मा जम्मा गरेको भौचर वा यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिनम्याद सहित जारी गरिएको बिडवण्ड पेश गर्नु पर्ने छ ।

४. बोलपत्रदाताले यो सूचना प्रकाशित मितिले ८ औं दिन दिनको १२:०० बजे भित्र बोलपत्र पेश गर्नुपर्ने छ र दाखिला हुन आएका बोलपत्रहरु सोही दिनको दिनको २:०० बजे निजको प्रतिनिधिहरुको रोहवरमा यस सिद्धलेक गाउँपालिकाको कार्यालयमा खोलिने छ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो को लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुने छ ।

५. ठेक्काअवधि– ठेक्का भएको मिति देखी २०७९ असार मसान्त सम्म हुने छ ।

६. बोलपत्र सम्वन्धी फारम भर्दा कवोल रकम अनुसार अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

७. बोलपत्र स्वीकृत भएपश्चात ठेक्का अंकको ३०% ले हुनआउने रकम यस कार्यालयको कुमारी बैंक बुडचुड स्थित शाखमा रहेको विभाज्यकोष खाता नं. ०८१००३५१२३१००००२ मा जम्मा गरेको सक्कल भौचर र ठेक्का अंकको बुझाउन बाँकी ७०% ले हुन आउने रकमको ठेक्का सम्झौता मितिले कम्तीमा १३ महिना म्याद भएको मान्यता प्राप्त बैंक वा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी गरिएको बैंक जमानतको (परफरमेनस वण्ड) सक्कल प्रति सम्झौताको वखत पेश गर्नुपर्ने छ । धरौटी (विड वण्ड) बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइने छैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजातहरु पेश गरि सकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिने छ ।

८. बोलपत्र सम्वन्धी विस्तृत जानकारी बोलपत्र सम्वन्धी फारममा उल्लेख गरिएको हुँदा सोही फारामाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिने छ । म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुनआएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्यहुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्वन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

९. कर दस्तुर शुल्क दर लगायत अन्यशर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ । नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित कानून बमोजिम बुझाउनु पर्ने कर दस्तुर शुल्क आदि सबै ठेकेदार स्वयमले सम्वन्धित निकायमा बुझाउनु पर्ने छ । सो बापत बुझाएको रकमलाई कवोल गरेको ठेक्का रकमबाट कट्टागर्न पाइने छैन ।

१०. ठेक्का सम्वन्धी एकमुष्ट रकम एकैपटक दाखिला हुन आएमा कवोल अंकको १०% रकम छुट दिइनेछ ।

११. बन्द हड्ताल आदिका कारण केहि दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दाबि गर्न पाइने छैन । स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनले निषेध गरेको भारी मेशनि, उपकरण प्रयोग गर्न र तोकिएको समयावधिमा नदि क्षेत्रबाट समाग्री उत्खनन् गर्न पाईने छैन । तर विभिन्न स्थानमा थुपारी राखिएको सामाग्री बिक्री गर्न सकिनेछ ।

१२. यसमा उल्लेख गरिएको कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानून बमोजिमहुने छ ।

१३. ठेक्क सम्वन्धी शर्त तथा विस्तृत विवरण यस कार्यालयको website www.siddhalekmun.gov.npमा हेर्न सकिने छ ।

Scanned with CamScanner